# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, माघ ४ गते २०४३ साल (अतिरिक्ताङ्क ४२ (क)

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना

#### विभूषण (पच्चीसौं संशोधन) नियमावली, २०४३

विभूषण नियमावली, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस नियमावलीको नाम "विभूषण (पच्चीसौं संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०२३ को नियम २२ मा संशोधन : विभूषण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २२ को,–

(१) उप-नियम (१) को खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ ।

456

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ङ) श्री ५ महाराजाधिराजबाट राजप्रासाद वा श्री ५ को सरकारको सेवामा रहेका कर्मचारीहरूमध्ये आजीवन सेवा पाउने गरी हुकुम बक्सेका कर्मचारीले सेवा सर्तसम्बन्धी कानून अनुसार उमेरको हदले अवकाश पाउने अवस्था नाघेपछि निजले यो नियमावलीबमोजिमको उपदान पाउनेछ र यसरी उपदान प्राप्त गरिसकेपछि पनि श्री ५ महाराजाधिराजबाट निजलाई मानपदवी प्रदान गरिबक्सेमा निजले प्रत्येक पटक अघिल्लो मानपदवीको पाइसकेको उपदान कट्टा गरी बाँकी रहन आउने उपदान मात्र थप पाउनेछ ।"

(२) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छः–

"(च) राजप्रासाद सेवा वा श्री ५ को सरकारको सेवाबाट अवकाश भै निवृत्तभरण प्राप्त कर्मचारी राजप्रासाद सेवा (प्रशासनिक तर्फ) मा वा श्री ५ को सरकारको सेवामा करार सेवाअन्तर्गत नियुक्ति भएपछि सो करार सेवा अवधिमा श्री ५ महाराजाधिराजबाट निजलाई मानपदवी प्रदान गरिबक्सेमा खण्ड (ङ) बमोजिम निजले थप उपदान पाउनेछ ।"

३. मूल नियमावलीको परिशिष्ट ८ मा संशोधन : मूल नियमावलीको परिशिष्ट ८ को सट्टा यसैसाथ संलग्न परिशिष्ट ८ राखिएको छ ।

४८८ ०७५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

परिशिष्ट ८

| सि.नं. | पर्वहरू | निजामतीले लगाउने | | शाही नेपाली सेनाले लगाउने | | प्रहरीले लगाउने | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | श्री ५ बडामहारानीमा मानपदवी बक्सने समारोहमा | नं. ५ को विभूषण र पोशाक | | नं. ५ को विभूषण र पोशाक | | नं. ५ को विभूषण र पोशाक | | शाही पार्श्ववर्तिहरूले अन्य कार्यक्रमहरूमा समेत खड्ग लिनुपर्दैन। |
| २ | श्री ५ युवराजाधिराजमा पृथुलाधीश बक्सने समारोहमा | नं. ५ को | " | नं. ५ को | " | नं. ५ को | " | |
| ३. | अन्य राजपरिवारहरूलाई विभषण बक्सने समारोहमा | नं. ५ को | " | नं. ५ को | " | नं. ५ को | " | |
| ४. | अन्य विभूषण सुशोभन समारोहमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " | |
| ५. | शाही नेपाली सेनाबाट हुने नववर्षको उपलक्ष्यको रात्रिभोजमा | नं. ८ को | " | नं. ८ को | " | नं. ८ को | " | |
| ६. | श्री ५ युवराजाधिराजको शुभ-जन्मोत्सवको उपलक्ष्यमा मौसूफबाट दर्शन बक्सने कार्यक्रममा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " | |
| ७. | श्री ५ युवराजाधिराजको शुभ-जन्मोत्सवको रात्रिभोजमा | नं. ९ को | " | नं. ९ को | " | नं. ९ को | " | |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. श्री ५ महाराजाधिराजबाट राष्ट्रिय पञ्चायतलाई सम्बोधन गरिबक्सने समारोहमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| ९. राष्ट्रिय पञ्चायतको रात्रिभोजमा | नं. ८ को | " | नं. ८ को | " | नं. ८ को | " |
| १०. रक्षावन्धनका दिनमा | नं. २ को | " | नं. २ को | " | नं. २ को | " |
| ११. श्री ५ मुमा बडामहारानीको शुभ-जन्मोत्सवको रात्रिभोजमा | नं. ८ को | " | नं. ८ को | " | नं. ८ को | " |
| १२. राजसभाको रात्रिभोजमा | नं. ८ को | " | नं. ८ को | " | नं. ८ को | " |
| १३. इन्द्रयात्राका दिन गद्दी बैठक सवारी हुँदा | नं. २ को | " | नं. २ को | " | नं. २ को | " |
| १४. नानीचायाका दिनमा | नं. २ को | " | नं. २ को | " | नं. २ को | " |
| १५. बडादशैं फलपातीको दिन शाही नेपाली सैनिक मञ्च सवारी हुँदा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| १६. विजया दशमीका दिन श्री ५ महाराजाधिराजबाट टीका बक्सने कार्यक्रममा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| १७. अक्टोबर २४ संयुक्त राष्ट्रसङ्घ दिवसमा | नं. १ को | " | नं. १ को | " | नं. १ को | " |
| १८. श्री ५ जिज्यू मुमा बडामहारानीको शुभ-जन्मोत्सवको रात्रिभोजमा | नं. ८ को | " | नं. ८ को | " | नं. ८ को | " |

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९. भातृपूजाका दिन | नं. २ को | " | नं. २ को | " | नं. २ को | |
| २०. श्री ५ बडामहारानीको शुभजन्मोत्सवका दिन मौसूफबाट दर्शन बक्सने कार्यक्रममा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| २१. श्री ५ बडामहारानीको शुभजन्मोत्सवको रात्रिभोजमा | नं. ६ को | " | नं. ६ को | " | नं. ६ को | " |
| २२. पौष १ गते श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा शाही नेपाली सैनिक मञ्च सवारी हुँदा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| २३. ऐ. को चियापानमा | नं. २ को | " | नं. २ को | " | नं. २ को | " |
| २४. श्री ५ महाराजाधिराजको शुभजन्मोत्सवका उपलक्ष्यमा मौसूफबाट दर्शन बक्सने कार्यक्रममा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| २५. ऐ. को उपलक्ष्यमा शाही नेपाली सैनिक मञ्च सवारी हुँदा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| २६. श्री ५ महाराजाधिराजको शुभजन्मोत्सवको उपलक्ष्यमा श्री ५ बडामहारानीबाट बक्सने चियापान समारोहमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| २७. ऐ. ऐ. बमोजिम रात्रीभोजमा | नं. ६ को | " | नं. ६ को | " | नं. ६ को | " |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६. आवाशीय राजदूतावासहरूको राष्ट्रिय दिवस समारोहमा सवारी होइबक्सँदा | नं. १ को | " | नं. १ को | " | नं. १ को | " |
| ३७. श्री ५ महाराजाधिराजको राजगद्दी आरोहण र त्यसको उपलक्ष्यमा दर्शन गर्ने समारोहमा | नं. ४ को | " | नं. ४ को | " | नं. ४ को | " |
| ३८. श्री ५ महाराजाधिराजको राजगद्दीका उत्तराधिकारी जेष्ठ सुपुत्र पैदा होइबक्सेको जातकर्मको समारोहमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| ३९. मौसूफको छैटी समारोहमा | नं. ६ को | " | नं. ६ को | | नं. ६ को | " |
| ४०. मौसूफको न्वारान (नामकरण) समारोहको जलपानमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| ४१. ऐ. को उपलक्ष्यमा दिवाभोजमा | नं. १ को | " | नं. १ को | " | नं. १ को | " |
| ४२. मौसूफको शुभ-अन्नप्राशनको उपलक्ष्यमा हुने अन्नप्राशन गराउने वैदिक कार्यक्रम र दर्शन गर्नेमा | नं. ४ को | " | नं. ४ को | " | नं. ४ को | " |
| ४३. मौसूफको शुभ-अन्नप्राशनको जलपान तथा प्रोशेसन (गणेशस्थान) सवारी हुँदा | नं. ४ को | " | नं. ४ को | " | नं. ४ को | " |
| ४४. ऐ. को रात्रिभोजमा | नं. ६ को | | नं. ६ को | | नं. ६ को | " |



मुद्रण विभाग सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४५. श्री ५ नवयुवराज, श्री ५ अधिराजकुमार र श्री ५ अधिराजकुमारी पैदा होइबक्सेको जातकर्म र दर्शन गर्ने कार्यक्रममा | नं. २ को | " | नं. २ को | " | नं. २ को | " |
| ४६. ऐ. को छैटी समारोहमा | नं. ६ को | " | नं. ६ को | " | नं. ६ को | " |
| ४७. ऐ. को न्वारान (नामकरण) को जलपान समारोहमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| ४८. मौसूफको नामकरणको उपलक्ष्यको दिवाभोजमा | नं. १ को | " | नं. १ को | " | नं. १ को | " |
| ४९. ऐ. को शुभ-अन्नप्राशनको अन्नप्राशन गराउने कार्यक्रम र दर्शन गर्नेमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| ५०. ऐ. को जलपान समारोह र प्रोशेसन (गणेशस्थान) सवारी हुँदा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |
| ५१. ऐ. को रात्रिभोजमा | नं. ६ को | " | नं. ६ को | " | नं. ६ को | " |
| ५२. श्री ५ युवराजकुमार, श्री ५ युवराजकुमारीको जातकर्ममा | नं. २ को | " | नं. २ को | " | नं. २ को | " |
| ५३. ऐ. को छैटी र शुभ-अन्नप्राशनको रात्रिभोजमा | नं. ८ को | " | नं. ८ को | " | नं. ८ को | " |
| ५४. ऐ. को नामकरणको र शुभ-अन्नप्राशनको जलपान र प्रोशेसन समारोहमा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " |



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ५५. श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी राजकीय भ्रमणमा विदेशमा सवारी होइ-बक्सँदा वा भित्री बक्सँदा | नं. ४ को “ | नं. ४ को ” | नं. ४ को ” | |
| ५६. विभिन्न मुलकहरूका गद्दीनसीन राजा वा रानी नेपाल अधिराज्यको राजकीय भ्रमणमा आगमन वा प्रस्थान हुँदा | नं. ४ को ”<br>सम्बन्धित विदेशी मुलुकको मानपदवी अलङ्कार पदकहरू पाइराखको छ भने उक्तमध्ये सबैभन्दा ठूलो विभूषण १ पनि लगाउने र मानपदवीमा कुल ४ लगाउने। | नं. ४ को ”<br>सम्बन्धित विदेशी मुलुकको मानपदवी अलङ्कार पदकहरू पाइराखेको छ भने उक्तमध्ये सबैभन्दा ठूलो विभूषण १ पनि लगाउने र मानपदवीमा कुल ४ लगाउने। | नं. ४ को ”<br>सम्बन्धित विदेशी मुलुकको मानपदवी अलङ्कार पदकहरू पाइराखेको छ भने उक्तमध्ये सबैभन्दा ठूलो विभूषण १ पनि लगाउने र मानपदवीमा कुल ४ लगाउने। | सम्बन्धित विदेशी मुलुकको मानपदवीको पट्टा छ भने सो लगाउने । सो नभएमा नेपाली मानपदवीको पट्टा लगाउने । पट्टा नभएको मानपदवीहरू भएमा नेपाली तथा उक्त विदेशी मुलुकको मानपदवी मर्यादाक्रमानुसार लगाउने । |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ५७. विभिन्न मुलुकहरूका गद्दीनसीन राजा वा रानी नेपाल अधिराज्यको राजकीय भ्रमणमा सवारी भएको उपलक्ष्यमा मौसूफको सम्मानमा वा मौसूफको तर्फबाट बक्सने चियापान समारोहमा | नं. ३ को " | नं. ३ को " | नं. ३ को " | |
| ५८. ऐ. को रिसेप्सनमा | नं. ८ को " | नं. ८ को " | नं. ८ को " | |
| ५९. विभिन्न मुलुकहरूका गद्दीनसीन राजा वा रानी नेपाल अधिराज्यको राजकीय भ्रमणमा सवारी भएको उपलक्ष्यमा मौसूफको सम्मानमा दिइने वा मौसूफको तर्फबाट आयोजना हुने रात्रिभोजमा | नं. ६ को " सम्बन्धित विदेशी मुलुकको विभूषण पाइराखेको भए त्यस-मध्ये सबैभन्दा ठूलो विभूषण १ समेत। | नं. ६ को " सम्बन्धित विदेशी मुलुकको विभूषण पाइराखेको भए त्यस-मध्ये सबैभन्दा ठूलो विभूषण १ समेत। | नं. ६ को " सम्बन्धित विदेशी मुलुकको विभूषण पाइराखेको भए त्यस-मध्ये सबैभन्दा ठूलो विभूषण १ समेत। | (क) सवारी हुनेको तर्फबाट आयो-जना भएकोमा नेपाली मानपदवी दायाँ र उक्त विदेशी मुलुकको मानपदवी भएमा बायाँ पारी लगा- |



५६६ ५२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हुनेछ । पट्टाको
हकमा नेपाली
मानपदवीको
पट्टा छ भने सोही
र नभएमा उक्त
विदेशी मुलुकको
पट्टा छ भने सो
लगाउने ।

(ख) सवारी हुनेको
सम्मानमा आयो-
जना भएकोमा
उक्त विदेशी
मुलुकको मान-
पदवी पाएको छ
भने सो मान-
पदवी दायाँ र
नेपाली मान-
पदवी बायाँ पारी
लगाइनेछ ।
पट्टाको हकमा

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | उक्त विदेशी मुलुकको मानपदवीको पट्टा भएमा सोही र नभएमा नेपाली मानपदवीको पट्टा छ भने सोही लगाइनेछ । |
| ६०. विभिन्न मुलुकहरूका राष्ट्राध्यक्ष वा शासनाध्यक्ष नेपाल अधिराज्यको राजकीय भ्रमणमा आगमन वा प्रस्थान हुँदा | नं. ३ को | " | नं. ३ को | " | नं. ३ को | " | सम्बन्धित विदेशी मुलुकको मानपदवीको पट्टा छ भने सो लगाउने। सो नभएमा नेपाली मानपदवीको पट्टा लगाउने । पट्टा नभएको मानपदवीहरू भएमा नेपाली र उक्त विदेशी मुलुक दुवैको एक एक |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४८८ २२५

| | | | | |
|---|---|---|---|---|
| | | | | मानपदवी मर्यादाक्रमानुसार लगाउने यस स्थितिमा नेपाली र सम्बन्धित विदेशी मानपदवीसमेत गरी मानपदवी दुई लगाइनेछ। |
| ६१. विभिन्न मुलकहरूका राष्ट्राध्यक्ष वा शासनाध्यक्षको सम्मानमा दिइने वा निजबाट आयोजना हुने जलपानमा | नं. १ को " | नं. १ को " | नं. १ को " | |
| ६२. ऐ. को रात्रिभोजमा | नं. ६ को " | नं. ६ को " | नं. ६ को " | |
| | सम्बन्धित विदेशी मुलुकको विभूषण पाइराखेको भए त्यसमध्ये सबैभन्दा ठूलो विभूषण १ समेत अवस्थानुसार। | सम्बन्धित विदेशी मुलुकको विभूषण पाइराखेको भए त्यसमध्ये सबैभन्दा ठूलो विभूषण १ समेत अवस्थानुसार। | सम्बन्धित विदेशी मुलुकको विभूषण पाइराखेको भए त्यसमध्ये सबैभन्दा ठूलो विभूषण १ समेत अवस्थानुसार। | (क) सम्बन्धित विदेशी मुलुकको तर्फको आमन्त्रणमा नेपाली मानपदवी दायाँ र उक्त मुलुकको मानपदवी भएमा बायाँ पारी लगाइनेछ। पट्टाको हकमा नेपाली मानपदवीको पट्टा छ भने सोही र |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभएमा उक्त विदेशी मुलुकको पट्टा छ भने सो लगाउने ।

(ख) सम्बन्धित विदेशी पाहुनाको सम्मानमा आयोजना भएकोमा उक्त विदेशी मुलुकको मानपदवी पाएको छ भने सो मानपदवी दायाँ र नेपाली मानपदवी बायाँ पारी लगाइनेछ । पट्टाको हकमा उक्त विदेशी मुलुकको मानपदवीको पट्टा भएमा सोही र नभएमा नेपाली मानपदवीको पट्टा छ भने सोही लगाइनेछ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ६३. नेपाल अधिराज्यको राजकीय भ्रमणमा सवारी हुने । आउने (गद्दीनसीन राजा वा रानी) राष्ट्राध्यक्ष वा शासनाध्यक्षलाई देखाउने सांस्कृतिक कार्यक्रम | नं. ७ को " | नं. ७ को " | नं. ७ को " |
| ६४. श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी र श्री ५ युवराजाधिराज विदेशमा औपचारिक भ्रमणमा सवारी होइबक्सँदा वा भित्री बक्सँदा | नं. ३ को " | नं. ३ को " | नं. ३ को " |
| ६५. विभिन्न मुलुकहरूका गद्दीनसीन राजा वा रानी नेपाल अधिराज्यको औपचारिक भ्रमणमा आगमन वा प्रस्थान हुँदा | नं. ३ को " | नं. ३ को " | नं. ३ को " |
| ६६. विभिन्न मुलुकहरूका राष्ट्राध्यक्ष वा शासनाध्यक्ष नेपाल अधिराज्यको औपचारिक भ्रमणमा आगमन वा प्रस्थान हुँदा | नं. ३ को " | नं. ३ को " | नं. ३ को " |
| ६७. श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी र श्री ५ | | | |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| युवराजाधिराज विदेशमा अनौपचारिक भ्रमणमा सवारी होइबक्सँदा वा भित्री बक्सँदा | नं. १ को | " | नं. १ को | " | नं. १ को | " |
| ६८. विभिन्न मुलुकहरूका गद्दीनसीन राजा वा रानी नेपाल अधिराज्यको अनौपचारिक भ्रमणमा आगमन वा प्रस्थान हुँदा | नं. १ को | " | नं. १ को | " | नं. १ को | " |
| ६९. विभिन्न मुलुकहरूका राष्ट्राध्यक्ष वा शासनाध्यक्ष नेपाल अधिराज्यको अनौपचारिक भ्रमणमा आगमन वा प्रस्थान हुँदा | नं. १ को | " | नं. १ को | " | नं. १ को | " |
| ७०. श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी र श्री ५ युवराजाधिराज निजी भ्रमणमा विदेशमा सवारी होइबक्सँदा वा भित्री बक्सँदा तथा विभिन्न मुलुकहरूका गद्दीनसीन राजा वा रानी नेपाल अधिराज्यको निजी भ्रमणमा सवारी हुँदा वा सवारी फिर्दा अथवा | | | | | | |



602 603

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| विभिन्न मुलुकहरूका राष्ट्राध्यक्ष वा शासनाध्यक्ष नेपाल अधिराज्यको निजी भ्रमणमा आगमन वा प्रस्थान हुँदा | नं. १ को " | नं. १ को | नं. १ को " |
| ७१. श्री ५ महाराजाधिराजको प्रतिनिधित्व गरिबक्सी श्री ५ युवराजाधिराज विदेश सवारी होइबक्सँदा वा फिरिबक्सँदा | नं. ३ को " | नं. ३ को " | नं. ३ को |
| ७२. श्री ५ महाराजाधिराजको प्रतिनिधित्व गरिबक्सी राजपरिवारका सदस्यहरू विदेश सवारी होइबक्सँदा वा फिरिबक्सँदा | नं. ३ को " | नं. ३ को " | नं. ३ को " |
| ७३. राजपरिवारका सदस्यहरू औपचारिक भ्रमणमा विदेश सवारी होइबक्सँदा वा भित्री बक्सँदा | नं. २ को " | नं. २ को " | नं. २ को " |
| ७४. विभिन्न मुलुकहरूका गद्दीनसीन राजा वा रानीबाट राष्ट्रिय पञ्चायतको बैठकलाई सम्बोधन हुने समारोहमा | नं. ३ को " | नं. ३ को " | नं. ३ को " |



६०२
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

| | | | |
|---|---|---|---|
| ७५. विभिन्न मुलुकहरूका राष्ट्राध्यक्ष वा शासनाध्यक्षबाट राष्ट्रिय पञ्चायतको बैठकलाई सम्बोधन हुने समारोहमा | नं. २ को " | नं. २ को " | नं. २ को " |

स्पष्टिकरणः–

माथि उल्लेखित नं. १, २, ३, ४, ५, ६, ७, ८ र ९ को विभूषण र पोशाक भन्नाले देहायबमोजिमको विभूषण र पोशाक सम्झनुपर्छ।

| विभूषण र पोशाक नम्बर | निजामती कर्मचारी | शाही नेपाली सेना | नेपाल प्रहरी |
|---|---|---|---|
| | दिनको .. .. .. .. .. समारोहको .. .. .. .. .. निमित्त | | |
| १. | आफूखुशी नेपाली पोशाक | मौसम अनुसारको टचूनिक, कपडाको पेटी र रिवन | मौसम अनुसारको टचूनिक, कपडाको पेटी र रिवन |
| २. | आ-आफ्नो पदानुसार ग्रे । कालोकोट सहितको औपचारिक पोशाकमा तारिका | मौसम अनुसारको टचूनिक, छालाको पेटी र रिवन | मौसम अनुसारको टचूनिक, श्याम ब्राउन पेटी र रिवन |
| ३. | ग्रेकोट, कालो कोटसहितको औपचारिक पोशाकमा पट्टासहित मानपदवी १ र अलङ्कार पदकहरू | मौसम अनुसारको टचूनिक, छालाको पेटी,खडग, पट्टासहितको मानपदवी १ र अलङ्कार पदकहरू | मौसम अनुसारको टचूनिक, श्याम ब्राउन पेटी, पट्टासहितको मानपदवी १ र अलङ्कार पदकहरू |
| ४. | आ-आफ्नो पदानुसार टचूनिक, ग्रे । कालोकोटसहितको औपचारिक पोशाकमा पट्टासहित मानपदवी ४ र अलङ्कार पदकहरू | जङ्गी पोशाक, पट्टासहित मानपदवी ४ र अलङ्कार पदकहरू, छालाको पेटी र खड्ग | सेरेमोनियल पोशाक, श्याम ब्राउन पेटी, पट्टासहित मानपदवी ४ र अलङ्कार पदकहरू |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ५. | आ-आफ्नो पदानुसार ट्यूनिक, ग्रे । कालोकोटसहितको औपचारिक पोशाकमा शृङ्खला प्रावार, पट्टासहित मानपदवी सबै र अलङ्कार पदकहरू | जङ्गी पोशाक, छालाको पेटी, खड्ग, शृङ्खला, प्रावार, पट्टासहित मान-पदवी सबै र अलङ्कार पदकहरू | सेरेमोनियल पोशाक, श्याम ब्राउन पेटी शृङ्खला, प्रावार, पट्टासहित मानपदवी सबै र अलङ्कार पदकहरू | |
| | रातमा हुने .. .. .. .. .. समारोहको .. .. .. .. .. .. निमित्त | | | |
| ६. | आफूखुशी नेपाली पोशाक | मौसम अनुसारको ट्यूनिक, कपडाको पेटी र रिवन | मौसम अनुसारको ट्यूनिक, कपडाको पेटी र रिवन | |
| ७. | कालोकोटसहितको औपचारिक पोशाकमा तारिका | कालोकोटसहितको औपचारिक पोशाकमा तारिका | कालोकोटसहितको औपचारिक पोशाकमा तारिका | |
| ८. | कालोकोटसहितको औपचारिक पोशाकमा स्वल्पाकारहरू | मेस ड्रेसमा स्वल्पाकारहरू | मेस ड्रेसमा स्वल्पाकारहरू | |
| ९. | कालोकोटसहितको औपचारिक पोशाकमा पट्टासहित मानपदवी १ र स्वल्पाकारहरू | मेस ड्रेसमा पट्टासहित मानपदवी १ र स्वल्पाकारहरू | मेस ड्रेसमा पट्टासहित मानपदवी १ र स्वल्पाकारहरू | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः–

(क) शाही पार्श्ववर्तिहरूले खड्ग लिनु पर्नेछैन ।

(ख) निजामती, प्रहरी र शाही नेपाली सेनाका पदाधिकारीबाहेक अन्य पदाधिकारीहरूको विभूषण र पोशाक निजामती पदाधिकारी सरह हुनेछ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।